मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

# संक्षिप्त मासिक बुलेटिन

आर्थिक वर्षः २०८३/८४ | महिनाः भदौ | अंक/बुलेटिन सङ्ख्याः २

## भदौ महिनामा सम्पन्न प्रमुख गतिविधिहरु



स्वास्थ्य कार्यक्रमको मासिक प्रगति समीक्षा बैठक तथा **Data Verification Workshop**



क्षयरोग पहिचान तथा रोकथामका लागि निः शुल्क AI X-ray शिविर संचालन



आ.व. २०८२/०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय वार्षिक समीक्षा



ग्रामीण प्रसूति अल्ट्रासाउण्ड (RoUSG) कार्यक्रम सञ्चालन



विश्व आत्महत्या रोकथाम दिवसमा विद्यालय स्तरीय मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न

Website: www.makawanpurgadhimum.gov.np,
Email:makawanpurgadhi.rmc@gmail.com,ito.makawanpurgadhimun@gmail.com,mhealthsection.2079@gmail.com

# मकवानपुरगढी गाउँपालिकाको जनस्वास्थ्य गतिविधि

## १. स्वास्थ्य कार्यक्रमको मासिक प्रगति समीक्षा बैठक तथा Data Verification Workshop

मकवानपुरगढी गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा **२०८३ भदौ** ४ गते स्वास्थ्य कार्यक्रमको मासिक प्रगति समीक्षा बैठक सम्पन्न भएको छ। बैठकमा श्रावण महिनामा भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै HMIS 9.2/ 9.3 तथा DHIS2 मा प्रविष्ट गरिएका स्वास्थ्य तथ्याङ्कको गुणस्तर, डेटा भेरिफिकेसन, eTB Master Register मा दर्ता भएका क्षयरोगका विरामीको विवरण लगायतका विषयमा विस्तृत छलफल गरिएको थियो। साथै क्षयरोग नियन्त्रण कार्यक्रमअन्तर्गत Active Case Finding (ACF) को तयारी, सरुवा रोग नियन्त्रण तथा स्वास्थ्य आपतकालीन/विपद् पूर्वतयारी, आमा सुरक्षा कार्यक्रमअन्तर्गत यातायात खर्च तथा शोधभर्ना, खोप तथा गाउँघर क्लिनिकको सञ्चालन, पोषण कार्यक्रमअन्तर्गत स्तनपान सप्ताह तथा किशोरी लक्षित स्वास्थ्य एवं पोषण कार्यक्रम, आपूर्ति व्यवस्थापनअन्तर्गत PAMS V2 को सञ्चालन, ३० वर्ष माथिका नयाँ सेवाग्राहीको NCD स्क्रिनिङको निरन्तरता तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमसम्बन्धी विषयमा आवश्यक छलफल तथा निर्णय गरिएको थियो।





साथै स्वास्थ्य संस्थाहरूबाट प्राप्त सुझाव, समस्या तथा गुनासाहरू संकलन गरी आगामी कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा समेत छलफल गरिएको थियो। साथै, आगामी दिनहरुमा स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्य संस्थाका प्रमुखज्यूहरूसँग कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा सुधारका सम्भावित उपायहरूबारे सुझाव तथा पृष्ठपोषण (feedback) समेत संकलन गरिएको थियो।

Website: www.makawanpurgadhimum.gov.np,
Email:makawanpurgadhi.rmc@gmail.com,ito.makawanpurgadhimun@gmail.com,mhealthsection.2079@gmail.com

# २. क्षयरोग पहिचान तथा रोकथामका लागि निः शुल्क AI X-ray शिविर संचालन

मकवानपुरगढी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा जनस्वास्थ्य कार्यालय मकवानपुरको समन्वय र JANTRA को प्रविधिक सहयोगमा क्षयरोगको समयमै पहिचान, परीक्षण तथा उपचारमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले मकवानपुरगढी गाउँपालिकाका वडा नं. २, ३ र ४ अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा निःशुल्क क्षयरोगसम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो। तीनवटै वडामा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो र २०८३ भदौ ५ गते वडा नं. २ स्थित मकवानपुरगढी स्वास्थ्य चौकी, ६ गते वडा नं. ३ स्थित मकाञ्चुली सामुदायिक स्वास्थ्य इकाइ तथा ७ गते वडा नं. ४ स्थित शहिद रुद्रस्मृति सामुदायिक स्वास्थ्य इकाइमा स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो। शिविरबाट वडा नं. २ मा ३९८ जना, वडा नं. ३ मा २९३ जना र वडा नं. ४ मा २९३ जना गरी जम्मा ९८४ जना सेवाग्राहीले सेवा लिएका थिए।

| वडा | संख्या |
|---|---|
| वडा नं. २ | ३९८ |
| वडा नं. ३ | २९३ |
| वडा नं. ४ | २९३ |
| **जम्मा** | ९८४ |

परीक्षणका क्रममा वडा नं. २ मा ४ जना, वडा नं. ३ मा २ जना र वडा नं. ४ मा २ जना गरी जम्मा ८ जनामा क्षयरोगसम्बन्धी परीक्षणमा पोजेटिभ नतिजा देखिएको थियो। यस कार्यक्रमले समुदायस्तरमै क्षयरोगको सम्भावित अवस्था पहिचान गर्न, समयमै थप परीक्षण तथा उपचारका लागि सेवाग्राहीलाई जोड्न र क्षयरोग नियन्त्रणमा समुदायको पहुँच तथा सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।







निः शुल्क AI X-ray शिविरका तस्बिरहरु

# ३. आ.व. २०८२/०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय वार्षिक समीक्षा

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य क्षेत्रको समग्र अवस्था, नीति तथा कार्यक्रमहरूको कार्यान्वयन प्रगति, चुनौती र सुधारका क्षेत्रहरूको समग्र समीक्षा गरी प्राप्त निष्कर्षलाई आगामी आर्थिक वर्षको योजना, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा समावेश गर्ने उद्देश्यले वार्षिक कार्यक्रमको समीक्षा सञ्चालन गर्ने संस्थागत तथा व्यवस्थित पद्धति अवलम्बन गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको पालिकास्तरीय वार्षिक समीक्षा मकवानपुरगढी गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा २०८३ भदौ १४ र १५ गते गाउँपालिका कार्यालयको सभा हलमा सम्पन्न गरिएको थियो। गाउँपालिकाअन्तर्गतका ८ वटै स्वास्थ्य संस्थाबाट आ-आफ्नो स्वास्थ्य संस्थाको वार्षिक प्रगति विवरण समेटिएको प्रस्तुतीकरण तयार गरी प्रस्तुति तथा समीक्षा गरिएको थियो। स्वास्थ्य संस्थाहरूले वडा तहमा भदौ ११ गतेभित्र वार्षिक समीक्षा सम्पन्न गरी प्राप्त विवरण, उपलब्धि, समस्या तथा आगामी सुधारका विषयहरू पालिकास्तरीय समीक्षामा प्रस्तुत गरिएको थियो।




समीक्षाका क्रममा स्वास्थ्य संस्थाको लक्षित जनसंख्या तथा सेवा क्षेत्र, मानव संसाधनको अवस्था, भौतिक संरचना, औजार तथा उपकरण, औषधि तथा सामग्रीको उपलब्धता, HMIS/DHIS-2 प्रतिवेदन तथा तथ्याङ्कको अवस्था लगायतका विषयहरूको समीक्षा गरिएको थियो। साथै खोप कार्यक्रम, वृद्धि अनुगमन, पोषण तथा किशोरीलाई IFA वितरण, मातृ तथा नवजात शिशु स्वास्थ्य, ANC/PNC, सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन, क्षयरोग, HIV/AIDS, सरुवा तथा किटजन्य रोग, नसर्ने रोग तथा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम, प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा प्रतिकार्य, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग लगायतका स्वास्थ्य कार्यक्रमहरूको वार्षिक प्रगति र तीन आर्थिक वर्षको प्रवृत्तिसमेत प्रस्तुत गरी छलफल गरिएको थियो। समीक्षामा स्वास्थ्य संस्थाहरूबाट प्रस्तुत गरिएका उपलब्धि, नवीनतम प्रयास, समस्या तथा चुनौतीहरू माथि छलफल गर्दै तिनको समाधानका सम्भावित उपाय, आवश्यक स्रोत साधनका विषयमा समेत छलफल गरिएको थियो।

## ४. ग्रामीण प्रसूति अल्ट्रासाउण्ड (RoUSG) कार्यक्रम सञ्चालन

ग्रामीण प्रसूति अल्ट्रासाउण्ड (Rural Obstetric Ultrasound – RoUSG) कार्यक्रम नेपाल सरकारद्वारा ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका गर्भवती महिलाहरूलाई आवश्यक प्रसूति अल्ट्रासाउण्ड सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको महत्वपूर्ण कार्यक्रम हो। मकवानपुरगढी गाउँपालिकामा गर्भवती महिलालाई स्थानीय स्तरमै आवश्यकताअनुसार ग्रामीण अल्ट्रासाउन्ड (RoUSG) सेवा उपलब्ध गराउने उद्देश्यले वडा नं. ३, ५ र ६ अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा RoUSG कार्यक्रम सञ्चालन गरिएको थियो। यस क्रममा वडा नं. ३ मा ५ जना, वडा नं. ५ मा २२ जना र वडा नं. ६ मा ९ जना गरी जम्मा ३६ जना गर्भवती महिलाले RoUSG सेवा प्राप्त गरेका थिए। साथै वडा नं. २ को स्वास्थ्य संस्थामा गर्भवती महिलाको आवश्यकताअनुसार नियमित रूपमा RoUSG सेवा सञ्चालन हुँदै आएको छ।



## ५. विश्व आत्महत्या रोकथाम दिवसमा विद्यालय स्तरीय मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न



**विश्व आत्महत्या रोकथाम दिवस (सेप्टेम्बर १०)** को अवसरमा विद्यालयहरूमा मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धी एक घण्टाको विशेष सचेतना कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कक्षा ६ र सोभन्दा माथिका विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा किशोर-किशोरी अवस्थामा आउने मानसिक तनाव, त्यसका लक्षणहरू र तनाव व्यवस्थापनका उपायहरूबारे छलफल गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरूलाई टोलीगत रूपमा वा व्यक्तिगत रूपमा आइपर्ने मानसिक समस्याहरू खुलेर बाँड्न, साथीभाइ तथा शिक्षकहरूसँग सहयोग माग्न र जीवनप्रतिको सकारात्मक दृष्टिकोण कायम राख्न उत्प्रेरित गरियो। मानसिक स्वास्थ्य सुरक्षाका लागि विद्यालय स्तरमै पूर्व-सावधानी र सचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा विद्यार्थी तथा विद्यालय नर्सहरूको सक्रिय सहभागिता रहेको थियो।

# भदौ महिनाको मासिक सेवा प्रवाह विवरण

| क्र.सं | सेवाको विवरण | | सेवाग्राही संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १ | जम्मा सेवाग्राही | नयाँ+पुरानो | 1611 | 1044 | 2655 | |
| २ | नयाँ सेवाग्राही | नयाँ सेवाग्राही | 960 | 598 | 1558 | |
| ३ | बहिरंग सेवा | नयाँ सेवाग्राही | 837 | 558 | 1395 | |
| | | पुरानो सेवाग्राही | 183 | 131 | 314 | |
| ४ | राष्ट्रिय खोप कार्यक्रम | नियमित खोप सेवा | | | 196 | |
| | | पूर्ण खोप पाएका बालबालिकासंख्या | | | 26 | |
| ५ | नवशिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रममा | ०-२ महिना | 1 | 1 | 2 | |
| | | २-५९ महिना | 67 | 74 | 141 | |
| ६ | पोषण कार्यक्रममा | वृद्धि अनुगमन गरेका नयाँ ०-२३ महिनाका बालबालिका | | | 26 | |
| | | अत्ति कम तौल (ELBW) भएका बालबालिका संख्या | 0 | 0 | 1 | |
| ७ | सुरक्षित मातृत्व कार्यक्रम | पूर्व प्रसुति (गर्भवती) सेवा | 19 | 0 | 19 | |
| | | प्रसुति सेवा | 9 | 0 | 9 | |
| | | उत्तर प्रसुति (सुत्केरी) सेवा | 27 | 0 | 27 | |
| ८ | परिवार नियोजन सेवा | नयाँ प्रगोगकर्ता | 27 | 0 | 27 | |
| | | हाल अपानाइरहेका | 1346 | 0 | 1346 | |
| | | सेवामा नियमित नभएका | 55 | 0 | 55 | |
| ९ | क्षयरोग कार्यक्रम | | 5 | 3 | 8 | |
| १० | नसर्ने रोग (NCD) | New | | | 21 | |
| | | Follow-up | | | 113 | |
| ११ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेवीका मार्फत सेवा पाएका | | 908 | 0 | 908 | |
| १२ | गाउँघर क्लिनिकबाट सेवा पाएका संख्या | | | | 529 | |

# जनचेतनामूलक सन्देश












# मकवानपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## स्वास्थ्य शाखा

## मक्राञ्चुली,मकवानपुर

## बागमती प्रदेश, नेपाल

"स्वास्थ्य नै धन हो"

Website: www.makawanpurgadhimum.gov.np,
Email:makawanpurgadhi.rmc@gmail.com,ito.makawanpurgadhimun@gmail.com,mhealthsection.2079@gmail.com